तारकेश्वर नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

धर्मस्थली, काठमाण्डौ

बागमती प्रदेश, नेपाल

## आ.व. २०७८/०७९ को लागि ढुङ्गा, गिट्टी, वालुवा, रोडा, ग्राभेल र माटोको बिक्री शुल्क संकलनको ठेक्का सम्बन्धी इलोक्ट्रोनिक्स बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०४/२९

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उप दफा २ (घ) को ६ मा व्यवस्था भए बमोजिम यस तारकेश्वर नगरपालिका क्षेत्रबाट आ.व. २०७८/०७९ को लागि देहाय बमोजिमको आन्तरिक आय संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस नगरपालिकाबाट तोकिएको दर रेटमा यस नगरपालिका क्षेत्रभित्रबाट संकलन भई आन्तरिक खपत वा अन्यत्र निकासी पैठारीका लागि ढुङ्गा, गिट्टी, बालुवा, रोडा, ग्राभेल र माटो लिई गुड्ने सवारी साधन सग नगरपालिकाबाट तोकिएको शर्तहरुको अधिनमा रही बिक्री शुल्क संकलन गर्नका लागि ठेक्का लिन इच्छुक (मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७८/०७९ सम्मको फर्म नविकरण, आ.व. २०७६/०७७ को आयकर चुक्ता प्रमाण पत्र भएका) फर्म कम्पनी वा व्यक्तिबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी यस नगरपालिका क्षेत्र भित्रको लागि बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु. (भ्याट बाहेक) | वोलपत्र फाराम दस्तुर रु | कैफियत |
|---|---|---|---|
| तारकेश्वर न.पा. क्षेत्र भित्र | रु २,५०,००,०००।०० (अक्षरेपी रु. दुई करोड पचास लाख रुपैयाँ मात्र) | रु. ५,०००।०० | |

***शर्तहरु :***

१. बोलपत्र खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाणपत्र, फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै स्वघोषणा पत्र र मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी सो सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र www.bolpatra.gov.np. बाट Bid Ducument Download गरी E-Bidding मार्फत मात्र गर्न गर्नुपर्नेछ ।

२. E-Bidding मार्फत प्राप्त भएका सबै बोलपत्र फारामहरु प्रमाणित गरी फर्म/कम्पनीको छाप लगाएर रीतपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजेभित्र E-Submission गर्न पर्नेछ । यसरी अपलोड गर्दा बोलपत्र फाराम पेश गरेको निवेदन पाना एक र ठेक अंक कबोल गरेको पाना एक गरी जम्मा दुई पाना अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ । यी दुई वटा कागजात तोकिएको समयसीमा र रीतपूर्वक अपलोड/पेश नगरेमा उक्त बोलपत्रलाई वैध मानिने छैन । Submit बोलपत्रहरु सोही दिनको ०२:०० वजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनधि

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं
बागमती प्रदेश, नेपाल

उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । Bid Response गर्दा बुदां नं. १ र २ मा उल्लेख भएका कागजात, बोलपत्र दस्तुर Bid Responce Document PDF Format मा Submission गर्नुपर्नेछ ।

३. बोलपत्र फारामको दस्तुर रकम यस कार्यालयको एन.आई.सी.एसिया वैकमा रहेको खातावालाको नाम ग - ११ आन्तरिक राजस्व खाता तारकेश्वर नगरपालिका, खाता नं. ०१७२०५००२९४४६००२ मा रकम जम्मा गरेको स्क्यानिङ्ग कपी (भौचर) पेश गर्नु पर्ने छ ।

४. बोलपत्र पेश गर्दा आफुले कबोल गरेको रकमको ५ (पांच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको एन.आई.सी.एसिया वैकमा रहेको खाता नं. १७ सि ए ५०१५०९५२४००६ मा रकम जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तीमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल राष्ट्र वैक वाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल बैंक ग्यारेन्टी (Bank Bid Bond) अनिवार्य रुपले बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

५. बोलपत्र भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा केरमेट नगरी स्पष्ट संग लेख्नु पर्ने छ, अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. ठेकेदारले सम्झौतामा तोकिएको विषयक्षेत्र तोकिएको दररेटमा मात्र शुल्क असुल गर्न पाउनेछ । संकलन तथा बिक्री शुल्कको दररेट तपसिल बमोजिम रहेको छ ।

तपसिल :

| सि. नं. | विवरण | इकाई | दर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | माटो | प्रति घन फिट | रु. २१५० |
| २. | ढुंगा, गिट्टी, ग्राभेल, रोडा, वालुवा | प्रति घन फिट | रु. ९१०० |

७. ठेकेदार र कार्यालय वीच ठेक्का सम्बन्धी कुनै किसिमको भै झमेला पर्न आएमा सो को समाधान गर्न तारकेश्वर नगरकार्यपालकाले निर्णय गरे बमोजिम हुनेछ ।

८. संकलन तथा बिक्री शुल्क उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन । नेपाल सरकारको प्रचलित कानुन बमोजिम लाग्ने आय कर, मूल्य अभिवृद्धिकर तथा शुल्कहरु प्रस्तावक स्वयंले तिर्नु पर्ने छ । कार्यालयमा वुझाउनु पर्ने सम्पूर्ण रकम र कर समेत वुझाई सकेपछि मात्र धरौटी रकम फिर्ता हुने छ ।

९. रोडा, ढुङ्गा, वालुवा, ग्राभेल, माटो लगायतको तोकिएको निकासीजन्य वस्तुहरु स्वीकृत क्षेत्रबाट मात्र व्यक्तिगत, सार्वजनिक, पर्ति जग्गा तथा वन क्षेत्रमा क्षति हुने गरी निकाल्न पाईने छैन ।

१०. जिल्ला अनुगमन समिति तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरुले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

११. IEE प्रतिवेदनमा उल्लेखित स्थानहरुको हकमा तोकिएको मापदण्डमा रही मात्र नदीजन्य सामग्रीहरु उत्खनन् गर्नुपर्नेछ, साथै IEE प्रतिवेदनमा स्वीकृत भएको हकमा IEE प्रतिवेदनमा नै भएको सामग्रीहरुको प्रयोग गरी नदीजन्य सामग्रीहरु उत्खनन् गर्न बाधा पर्नेछैन । कार्यालयबाट IEE को प्रतिवेदन प्राप्त गर्न सकिनेछ ।

१२. पानीले पखालेको चिसो बालुवा पानी चुहाउँदैं सडकमा ढुवानी गर्न गराउन पाईनेछैन, साथै ढुङ्गा, गिट्टी, वालुवा लैजादा छोपेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ ।

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं
बागमती प्रदेश, नेपाल

१३. कुल कवोल अंकलाई दुई किस्ता कायम गरिने छ । पहिलो किस्ता वापत कुल कबोल अंकको ५० प्रतिशतले हुने रकम सम्झौता हुनु अगावै बुझाउनु पर्ने छ र बाकी ५० प्रतिशत रकम २०७८ पौष मसान्त भित्र बुझाउनु पर्ने छ । कुल कबोल अंकको एकमुष्ट रकम सम्झौताको समयमा नै अग्रीम वुझाएमा नगरकार्यपालिकाको निर्णयले कबोल अंकको बढीमा १० प्रतिशत सम्म छुट दिन सकिने छ ।

१४. प्रथम किस्ता बुझाएपछि हुन आउने वाकी रकमको २०७९ साउन मसान्त सम्म म्याद भएको र नेपाल राष्ट्र वैंक वाट मान्यता प्राप्त "क" वर्गको बाणिज्य वैंकको कार्य सम्पादन ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्ने छ ।

१५. आ.व. २०७८/०७९ को लागि कर संकलन म्याद सम्झौता गरे मितिदेखि २०७९ जेठ मसान्तसम्म हुनेछ ।

१६. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात काबु बाहिरको परिस्थिति बाहेक कुनै किसिमको छुट, मिनाहा वा माफी दिइने छैन ।

१७. बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भए पश्चात निर्धारित समय भित्र कार्यालयमा सम्झौता गरिसक्नु पर्ने छ । तोकीएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत हुने छ ।

१८. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१९. बिशेष अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ ।

२०. यसमा उल्लेख नभएका अन्य कुराहरु बागमती प्रदेश सरकार हेटौंडाबाट जारी गरेको नदीजन्य पदार्थ (उत्खनन् र उपयोग) कार्यविधि २०७५ र प्रचलित कानुन बमोजिम हुनेछ ।

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं
बागमती प्रदेश, नेपाल